# शैक्षिक सुपरीवेक्षणमा स्रोतकेन्द्रको भूमिका

स्नातकोत्तर तह (एम.एड.) शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना तथा
व्यवस्थापन विभागमा प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**

**धनबहादुर बस्नेत**

त्रि. वि. दर्ता नं. १५०७८ - ८७
परीक्षा रोल नं. २१४००३६/०६५
क्याम्पस रोल नं. ३२८
२०६३-०६५



प्रस्तुत :
सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ
असार, २०६८

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको शैक्षिक योजना तथा व्यवस्थापन (EPM) विषयमा स्नातकोत्तर तहका विद्यार्थी श्री धनबहादुर बस्नेतद्वारा प्रस्तुत **शैक्षिक सुपरीवेक्षणमा स्रोतकेन्द्रको भूमिका** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार भएको हो । प्रस्तुत शोध अध्ययनप्रति म पूर्ण सन्तुष्ट छु । शोधार्थी धनबहादुर बस्नेतको सफलताको कामना गर्दै यो शोधपत्र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.........................................

भोजराज घिमिरे

शोध निर्देशक

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको शैक्षिक योजना तथा व्यवस्थापन (इपीएम) विषयमा स्नातकोत्तर तहका विद्यार्थी धनबहादुर बस्नेतले **शैक्षिक सुपरीवेक्षणमा स्रोतकेन्द्रको भूमिका** शीर्षकमा तयार पार्नुभएको प्रस्तुत शोधपत्र निम्न मूल्याङ्कन समितिबाट आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | विभागीय प्रमुख | लक्ष्मीकुमार श्रेष्ठ | ................. |
| २ | शोध निर्देशक | भोजराज घिमिरे | ................ |
| ३. | बाह्य परीक्षक | रामप्रसाद कारञ्जित | ............... |

# प्राक्कथन

यो शोध अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तहको शैक्षिकोपाधिका लागि तयार गरिएको हो । मोरङ जिल्ला, रंगेली स्रोतकेन्द्रअन्तर्गतका ९ वटा विद्यालयहरूबाट प्राप्त गरिएका अभिलेख, प्रश्नावली र सामूहिक छलफलबाट प्राप्त तथ्यहरूका आधारमा यो शोधपत्र तयार गरिएको छ ।

यो शोधको अध्ययन अगाडि बढाउने क्रममा अमूल्य सुझाव, सल्लाह प्रदान गरी मार्गदर्शन गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक भोजराज घिमिरेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसै गरी अध्ययनका क्रममा स्रोतकेन्द्रमा रहेका विविध तथ्याङ्कहरू उपलब्ध गराएर सहयोग गर्नुहुने रंगेली स्रोतकेन्द्रका स्रोतव्यक्ति मुक्तिनाथ निरौलाप्रति धन्यवाद व्यक्त गर्दछु । अध्ययनलाई अग्रगति प्रदान गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने संलग्न विद्यालयका अध्यक्षज्यूहरू, प्रधानाध्यापकज्यूहरू र शिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । अनुसन्धानका क्रममा रचनात्मक सुझाव, सल्लाह दिनुहुने प्रियजन डिल्लीराज दाहाल, इन्द्रमणि थापा र महत्वपूर्ण सुझाव सहित कम्प्युटर टाइप गरिदिनुहुने सहयोगी मित्र रोहिणी घिमिरेप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

**धनबहादुर बस्नेत**

# शोधसार

यस अध्ययनको शोध शीर्षक **शैक्षिक सुपरीवेक्षणमा स्रोतकेन्द्रको भूमिका**द्वारा शैक्षिक क्षेत्रको गुणात्मक विकासको रुपमा रहेको शैक्षिक सुपरीवेक्षण सामुदायिक विद्यालयहरुमा सन्तोषजनक नभएकाले व्यवस्थापकीय र सिकाइउपलब्धिमा समेत ह्रास आएको अवस्था रहेको छ । तसर्थ शैक्षिक सुपरीवेक्षणको जिम्मेवारी पाएका निकायमध्ये स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षणको अवस्था पत्ता लगाउन, उक्त कार्यमा प्रभाव पार्ने कारक तत्वहरुको विश्लेषण गर्न र यसका समस्याहरुलाई सुझाउने उद्देश्य राखेर गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचा प्रयोग गरी यो शोधपत्र तयार गरिएको छ ।

शोध अध्ययन र अनुसन्धानका लागि नमुना छनोट विधिका आधारमा छनोटमा परेका सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरु, प्रधानाध्यापकहरु, शिक्षकहरु र स्रोतव्यक्तिसँग प्रश्नोत्तर, सामुहिक छलफल र सर्वेक्षणबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा स्रोतकेन्द्रबाट हुने शैक्षिक सुपरीवेक्षण अधिकतम वार्षिक ३ पटक मात्र हुने गरेको पाइएको छ । कतिपय विद्यालयमा वर्षमा एकपटक पनि स्रोतकेन्द्रबाट शैक्षिक सुपरीवेक्षण नभएको अध्ययनले देखाएको छ । न्यून शैक्षिक सुपरीवेक्षणकै कारण शैक्षिक सत्र २०६४ को तुलनामा २०६५ र २०६५ को तुलनामा २०६६ मा कक्षागत सिकाइउपलब्धि ओरालो लाग्दै गएको छ । स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षण प्रभावकारी बन्न नसक्नुमा स्रोतकेन्द्रले वार्षिक कति पटक विद्यालयमा अनिवार्य सुपरीवेक्षण गर्नुपर्ने हो, सोको किटान नहुनु, विद्यालयमा सुपरीवेक्षण भए/नभएको अनुगमन नहुनु, राम्रो काम गर्ने स्रोतव्यक्तिलाई प्रोत्साहन र प्रेरणा प्रदान गर्ने व्यवस्था नहुनु, राजनीतिक प्रभावका कारण स्रोतव्यक्तिले विद्यालयको यथार्थ स्थितिको चित्रण गरी प्रतिवेदन बुझाउन नसक्नु आदि रहेका छन् ।

स्रोतकेन्द्रले शैक्षिक सुपरीवेक्षण उचित रूपले गर्न नसक्नुमा एकजना स्रोतव्यक्तिको तुलनामा अधिक विद्यालय संख्या र भौगोलिक क्षेत्र हुनु, स्रोतकेन्द्रमा थप स्टाफ र स्रोतसामग्री तथा सुविधा पर्याप्त नहुनु, स्रोतव्यक्तिले दिएका सल्लाह र सुझावहरूलाई विद्यालयहरूले आत्मसात नगर्नु, सुपरीवेक्षणलाई समन्वयात्मक रुपमा अघि बढाउन नसक्नु नै मुख्य समस्या रहेका छन् । उपर्युक्त समस्याहरूको

निराकरण गर्न स्रोतकेन्द्रबाट नियमित र आवश्यकता अनुसार सुपरीवेक्षणलाई बढाउनुपर्ने, जिल्ला शिक्षा कार्यालयबाट स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षणको अनुगमन गरी प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्ने, शैक्षिक सुपरीवेक्षण गर्दा स्रोतकेन्द्रले अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने, स्रोतव्यक्तिलाई नियमित पुनर्ताजगी तालिम प्रदान गर्नुपर्ने, सुपरीवेक्षणमा आधुनिकीकरण गर्नुपर्ने साथै सुपरीवेक्षणसँग सम्बन्धित सरोकारवालाहरू सबैले आआफ्नो काम, कर्तव्य र अधिकारलाई अक्षरशः पालना गर्नुपर्ने सुझावहरू दिइएको छ ।

# विषयसूची

।


सिफारिसपत्र I

स्वीकृतिपत्र II

प्राक्कथन III

शोधसार IV


## परिच्छेद एक : परिचय


१. १. अध्ययनको पृष्ठभूमि १

१. २. समस्यको कथन ५

१. ३. अध्ययनको औचित्य ६

१. ४. अध्ययनको उद्देश्य ७

१. ५. अनुसन्धानात्मक प्रश्नहरु ७

१. ६. अध्ययनको परिसीमा ७

१. ७. शब्दावलीको अर्थ र परिभाषा ८


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२. १. सम्बन्धित साहित्यको पुनरावलोकन ९

२. २. सैद्धान्तिक खाका १४

२. ३. शैक्षिक उपादेयता १७


## परिच्छेद तीन : अनुसन्धान विधि


३. १. अनुसन्धानात्मक ढाँचा १८

३. २. तथ्याङ्क संकलन विधि १८

३. २. १. जनसंख्या १८

३. २. २. नमुनाको आकार १८

३. २. ३. नमुना छनोट विधि १९

३. २. ४. नमुना छनोटको आधार १९

३. ३. अनुसन्धानका साधनहरु २०
३. ३. १. विद्यालय सर्वेक्षण फारम २०
३. ३. २. प्रश्नावली तालिका २०
३. ३. ३. सिकाइ उपलब्धि विवरण २०
३. ३. ४. समूह छलफल २०
३. ४. तथ्याङ्कका स्रोतहरु २१
३. ४. १. प्राथमिक स्रोत २१
३. ४. २. द्वितीय स्रोत २१
३. ५. तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया २१

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

४. १. स्रोतकेन्द्रबाट हुने शैक्षिक सुपरीवेक्षणको विद्यमान अवस्था २२
४. १. १. स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षण्को तरिका २४
४. १. २. कक्षागत सिकाइ उपलब्धिको तरिका २५
४. १. ३. समन्वयात्मक शैक्षिक सुपरीवेक्षणको स्थिति २७
४. २. स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरु २९
४. २. १. स्रोतव्यक्तिले गर्ने कार्यलाई प्रभाव पार्ने तत्वहरु ३१
४. २. २. स्रोतव्यक्तिले दिएका सुझाव र सल्लाहको कार्यान्वयन ३२
४. २. ३. शिक्षक विद्यार्थी अनुपात ३३
४. ३. शैक्षिक सुपरीवेक्षणका समस्याहरु ३५
४. ३. १. शिक्षकहरुले औँल्याएका समस्याहरु ३५
४. ३. २. प्रधानाध्यापकले औँल्याएका समस्याहरु ३६
४. ३. ३. वि.व्य.स. अध्यक्षले औँल्याएका समस्याहरु ३६
४. ३. ४. स्रोतव्यक्तिबाट व्यक्त समस्याहरु ३७
४. ४. समाधानका उपायहरु ३८
४. ४. १. शिक्षकहरुबाट प्राप्त समाधानका उपायहरु ३८
४. ४. २. प्रधानाध्यापकहरुबाट प्राप्त उपायहरु ३८
४. ४. ३. वि.व्य.स. अध्यक्षहरुबाट प्राप्त उपायहरु ३९

४. ४. ४. स्रोतव्यक्तिबाट प्राप्त उपायहरु ४०

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

५. १. प्राप्ति ४१

५. २. निष्कर्ष ४३

५. ३. सुझावहरु ४४

सन्दर्भसामग्री
अनुसूचीहरु

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका एक : | शैक्षिक सुपरीवेक्षणको अवस्था | २३ |
| तालिका दुई : | स्रोतकेन्द्रले गर्ने सुपरीवेक्षणको तरिका | २४ |
| तालिका तीन : | कक्षागत सिकाइ उपलब्धिको अवस्था | २६ |
| तालिका चार : | वीरेन्द्र सार्वजनिक उमाविमा विगत ४ वर्षमा भएको शैक्षिक सुपरीवेक्षणको स्थिति | २८ |
| तालिका पाँच : | स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षणमा प्रभाव पार्ने तत्वहरु | २९ |
| तालिका छ : | स्रोतव्यक्तिका सुझाव कार्यान्वयनको अवस्था | ३२ |
| तालिका सात : | शिक्षक विद्यार्थी अनुपात | ३३ |

# चित्रसूची


| | | |
|---|---|---|
| चित्र एक : | शैक्षिक सुपरीवेक्षणको अवस्था | २३ |
| चित्र दुई : | स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरीवेक्षणको तरिका | २५ |
| चित्र तीन : | औसत कक्षागत सिकाइ उपलब्धि | २६ |
| चित्र चार : | शैक्षिक सुपरीवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरु | ३० |
| चित्र पाँच : | स्रोतव्यक्तिका सुझाव कार्यान्वयनको औसत अवस्था | ३२ |

# सङ्क्षिप्त शब्दको पूरा रुप

| | |
|---|---|
| उ.मा.वि. : | उच्च माध्यमिक विद्यालय |
| उप प्रा. : | उपप्राध्यापक |
| क्र.स. : | क्रमसङ्ख्या |
| गा.वि.स. : | गाउँ विकास समिति |
| जि.शि.का. : | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. : | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. : | प्रधानाध्यापक |
| प्रा.वि. : | प्राथमिक विद्यालय |
| मा.वि. : | माध्यमिक विद्यालय |
| वि.नि. : | विद्यालय निरीक्षक |
| वि.व्य.स. : | विद्यालय व्यवस्थापन समिति |
| वि.सं.: | विक्रम सम्वत् |
| शि.स.: | शिक्षण सहायक |
| शै.व. : | शैक्षिक वर्ष |
| क्षे.शि.नि.: | क्षेत्रीय शिक्षा निर्देशनालय |